केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. /नीति/परिपत्र/४१/०६५/६६ मिति : २०६६/१/२२

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

विषय : कालोसूचीका ऋणीहरुलाई गरिने कारवाही बारे ।

महाशय,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा नेपाल सरकार (मन्त्रिस्तर) बाट मिति २०६५।१०।२९ को निर्णय अनुसार बैंक तथा वित्तीय संस्थाहरुसंग कर्जा लिई नियतवस ऋण नतिर्ने तपशिलमा उल्लेखित व्यक्तिहरुको सम्बन्धमा देहाय बमोजिमको कारवाहीका लागि नेपाल सरकार (सचिव स्तर) मिति २०६६।१।१४ को निर्णयानुसार जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

(१) ऋणी र ऋणसंग सम्बन्धित व्यक्तिहरुलाई सबै किसिमका निक्षेप (स्वदेशी तथा विदेशी) को भुक्तानीमा रोक लगाई त्यस्तो निक्षेप रकम बैंक/वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने र निजहरुलाई प्रदान गरिएको लकर सुविधा अनुसार लकरमा राखिएका सबै सम्पत्ती रोक्का राख्ने ।

(२) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरुको संस्थापक शेयरमा कारवाहीमा परेका व्यक्ति र निजको एकाघर परिवारले लगानी गरेको अवस्थामा त्यस्तो संस्थापक शेयरहरु जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने ।

(३) बैंक तथा वित्तीय संस्थाहरुबाट त्यस्ता ऋणीहरुको नाममा जारी गरिएको डेबिट कार्ड, क्रेडिट कार्ड जस्ता सुविधाहरु तत्काल रोक्का राख्ने ।

### तपशिल

### बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ऋण नतिर्ने ऋणीहरुको सूची

| बैंकको नाम | ऋणी समूहको नाम | ऋणीको नाम | ऋणसंग सम्बन्धित व्यक्तिको नाम | ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|---|
| नेपाल एसबिआई बैंक लिमिटेड | | गंगाधरम कटन एण्ड टेरि फेब्रिक्स प्रा.लि. | बैकुण्ठ लामिछाने | चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ३ | कृष्ण लामिछाने | गंगाधर लामिछाने |
| नविल बैंक लिमिटेड | नेकोन एयर लिमिटेड | नेकोन एयर लिमिटेड | मुकुन्द भक्त श्रेष्ठ | रेडक्रस मार्ग, कालिमाटी, काठमाडौं १३ | विष्णु भक्त श्रेष्ठ | बुद्धि नारायण श्रेष्ठ |
| | | | विनोद बहादुर श्रेष्ठ | झम्सिखेल, ललितपुर | जुद्ध बहादुर श्रेष्ठ | लाल बहादुर श्रेष्ठ |

क्रमशः

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

साथै, माथि उल्लेखित ऋणीहरु र निजका एकाघर परिवारले सरकारी सुरक्षण पत्रहरुमा गरेको लगानी जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने निर्णय भएकोले उपरोक्त बमोजिमका ऋणी तथा निजका एकाघर परिवारले सरकारी सुरक्षण पत्रहरुमा गरेको लगानी जफत गरी लिलाम गर्न र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्न आवश्यक व्यवस्थाको लागि यस बैंकको राष्ट्र ऋण व्यवस्थापन विभागसंग समन्वय गरी कार्यान्वयन गर्नु हुन समेत अनुरोध छ ।

भवदीय,

(भुवन कडेल)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
२. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग :- जानकारी एवं आवश्यक कार्यार्थ ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
७. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
१०. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।